२०७५/११/१२

# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
३ नं.प्रदेश नेपाल

### औषधि तथा औषधि जन्य सामाग्री खरिद संबन्धि सिलबन्दी दरभाउ पत्र आह्वान
पहिलो पटक प्रकाशित मिति २०७५/११/०५

यस नगरपालिका बाट आर्थिक वर्ष २०७५/०७६ मा स्वास्थ्य चौकीको लागि स्वीकृत कार्यक्रम बमोजिम औषधि तथा औषधि जन्य सामाग्री सप्लाई गर्न सिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ। इच्छुक इजाजत प्राप्त फर्म वा कम्पनी बाट देहायेका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु :

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औ दिन कार्यालय समय भित्र रु १००० ( पछि फिर्ता नहुने गरि ) बुझाई यस नगरपालिकाबाट सिलबन्दी दरभाउ पत्र खरिद गर्न सकिनेछ। सिलबन्दी दरभाउ पत्र फारम सूचना प्रकाशन भएको मितिले १६औ दिनको ठिक १२:०० बजेसम्म यस न.पा को कार्यालयमा दर्ता गराउनु पर्ने छ। सिलबन्दी दरभाउ पत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्बजनिक बिदा परेमा त्यसको भोली पल्ट पेस गर्न सकिनेछ।

२. सिलबन्दी दरभाउ पत्र खरिद गर्नको लागि सिलबन्दी दरभाउ पत्र दाताको निबेदन साथ् आ.ब २०७४/०७५ को कर चुक्ता प्रमाण पत्र , २०७५/०७६ सम्मको नबिकरण गरिएको कम्पनि दर्ता प्रमाण पत्र को प्रमाणित प्रतिलिपिहरू संग्लग्न गर्नु पर्नेछ ।

३. दर्ता हुन आएका सिलबन्दी दरभाउ पत्र दर्ता म्याद सकिएको दिन दिनको २:०० बजे यस न.पा कार्यालयमा दरभाउ पत्र दाताको रोहबरमा खोलिने छ। साथै दरभाउ पत्र दाता वा निजको प्रतिनिधि नभएपनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन।

४. सिलबन्दी दरभाउ पत्र धरौटी बापत तपशिल अनुसारको रकम यस न.पा को नाममा नेपाल बैंक लिमिटेड , त्रिशुली शाखामा रहेको खाता न.०२६०३००००००००३००००१६ को धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सिलबन्दी दरभाउ पत्र दाताले सिलबन्दी दरभाउ पत्र (bid bond )दाखिला गरिने अन्तिम मितिले मान्य अबधि ७५ दिनको यस न.पाको नाममा "क वर्गको बैंक बाट " जारि भएको बैंक जमानत पत्र संग्लग्न राख्नु पर्नेछ।

५. सिलबन्दी दरभाउ पत्रमा दर अंक र अक्षर दुवै महलमा स्पस्ट खुलाउनु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेट मान्य हुनेछ। कुनै महलमा दर उल्लेख गर्न छुटेमा सो सिलबन्दी दरभाउ पत्र मान्य हुने छैन , मू. अ. कर लाग्ने आइटमको विवरण उल्लेख गर्नु पर्ने छ। विवरण मा उल्लेख भएको औषधि तथा औषधि जन्य सामाग्रीहरुको मु. अ. कर भुक्तानी गरिने छैन।

६. आपूर्ति गरिएको औषधि तथा औषधि जन्य सामाग्रीहरु दाखिला भएको मितिले कम्तिमा दुइ बर्षको म्याद भएको हुनु पर्ने छ ।

७. सिलबन्दी दरभाउ पत्र दाताले आफ्नो पुरा ठेगाना, नाम ,मोबाइल नम्बर खुलाउनु पर्ने छ। स्वीकृत भएको जानकारी पाएर पनि तोकिएको समयावधिमा सम्झौता गर्न नआएमा सिलबन्दी दरभाउ पत्र रद्ध गरि निजले राखेको धरौटी जफत गरि निकटतम दोश्रो सिलबन्दी दरभाउ स्वीकृत गरि सम्झौता गरिनेछ।

८. DDA/WHO-GMP प्रमाण पत्र प्राप्त कम्पनीको मात्र औषधि खरिद गरिने छ। सिलबन्दी दरभाउ पत्रमा कुन कम्पनीको औषधि आपूर्ति गरिने हो कम्पनि को नाम स्पष्ट उल्लेख भएको हुनु पर्ने छ ।

९. उल्लेखित औषधि यस न.पामा सिलबन्दी दरभाउ पत्र दाताले पुर्याउनु पर्ने छ। उक्त औषधिहरु दाखिला गर्दा सम्म लाग्ने ढुवानी भाडा तथा अन्य कर सिलबन्दी दरभाउ पत्र दाताले व्यहोर्नु पर्ने छ।

१०. औषधि तथा औषधि जन्य सामाग्रीमा बुझिने अक्षरमा निशुल्क SUPPLY FOR BELKOTGADHI MUNCIPALITY भनि लेखिएको हुनु पर्छ।

११. एक फर्म र कम्पनी को नाममा खरिद गरिएको सिलबन्दी दरभाउ पत्र फारम अर्को फर्म वा कम्पनीको नामबाट दाखिला गर्न पाइने छैन।

१२. सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धि सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१३. यो सुचनामा उल्लेख हुन छुटेका अन्य व्यहोरा सार्बजनिक खरिद एन २०६३ र सार्बजनिक खारिद नियमावली २०६४ तथा अन्य प्रचलितकानुन बमोजिम हुनेछ। थप जानकारीको लागि नगरपालिका कार्यालय वा ९८५११०७३०९ नम्बरमा सम्पर्क राख्नु होला ।

| दरभाउ पत्र | कामको विवरण | धरौटी रकम रु भ्याट सहित | कैफियत |
|---|---|---|---|
| BGM/Goods/sealed quotation /05/075/76 | औषधि तथा औषधि जन्य सामाग्री | २५०००/ | |